पारित मितिः२०८०/०६/१६

# राजविराज नगरपालिका विनियोजन ऐन, २०८०

प्रस्तावनाः राजविराज नगरपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरूको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

**संक्षिप्तनाम प्रारम्भः**

(१) यस ऐनको नाम "विनियोजन ऐन,२०८०"रहेको छ ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ। आर्थिक वर्ष २०८०।०८१ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः (१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रू. १११३२७८०००/०० (अक्षरेपी रू. एक अर्ब एघार करोड बतिस लाख अठहतर हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनियस नगरपालिकामा अन्य कुनै निकायबाट तोकिएका कार्यक्रम सञ्चालन गर्न रकम निकासा भइ सञ्चित कोषमा प्राप्त हुने रकम खर्च खातामा ट्रान्सफर गरी खर्च गर्न र बचत रकम सम्बन्धीतलाई फिर्ता दिनबाधा पर्ने छैन ।

विनियोजनः(१)यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त राजविराज नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ।

उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगतखर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानीखर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा नगरसभाको स्वीकृति लिनु पर्नेछ।

अनुसूचि-१

(दफा २ संग सम्बन्धीत) नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | श्रोत | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | बितीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| 1 | आन्तरिक श्रोत | नगरकार्यपालिका | २१६००००० | ० | | २१,६००,००० |

राजविराज नगरपालिका

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 2 | संघीय बितीय सामानीकरण अनुदान | नगरकार्यपालिका | ६0000000 | ११६000000 | | १७६,000,000 |
| 3 | संघीय राजस्व बाँडफाँड | नगरकार्यपालिका | ९५४0६000 | २५000000 | | १२0,४0६,000 |
| 4 | प्रदेश वित्तिय समानिकरण | नगरकार्यपालिका | १३५८९000 | 0 | | १३,५८९,000 |
| 5 | प्रदेश राजस्व बाँडफाड | नगरकार्यपालिका | 0 | ७५00000 | | ७,५00,000 |
| 6 | स्थानीय राजस्व बाँडफाड-मालपोत ससरी | नगर कार्यपालिका | | २0000000 | | २0,000,000 |
| 7 | संघीय शशर्त अनुदान | नगरकार्यपालिका | ३0२000000 | १२४000000 | | ४२६,000,000 |
| 8 | संघीय शशर्त बिषेश | नगरकार्यपालिका | 0 | ३0000000 | | ३0,000,000 |
| 9 | संघिय संपूरक | नगरकार्यपालिका | 0 | ८000000 | | ८,000,000 |
| 10 | प्रदेश शशर्त | नगरकार्यपालिका | 0 | | | 0 |
| 11 | प्रदेश बिषेश | नगरकार्यपालिका | 0 | ३000000 | | ३,000,000 |
| 12 | प्रदेश समपूरक | नगरकार्यपालिका | 0 | २000000 | | २,000,000 |
| 13 | अन्य प्रदेश, संघ, सडक बोर्ड, यूनिसेफ एवं अन्य निकाय बाट | नगरकार्यपालिका | | ३९५00000 | | ३९,५00,000 |
| 14 | आन्तरिक स्रोत (गत बर्षको मौजदात | नगरकार्यपालिका | 9,569,717 | 236,113,283 | | २४५,६८३,000 |
| 15 | | ऋणको सावा ब्याज भुक्तानी | 0 | 0 | | 0 |
| 16 | | लगानी (शेयर /ऋण | 0 | 0 | | 0 |
| | | **कुल जम्मा** | **५0२,१६४,७१७** | **६११,११३,२८३** | | **१,११३,२७८,000** |

राजविराज नगरपालिका